१७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २१७ ॥ २०८२ असोज ०४ गते शनिबार (20th Sep 2025 Saturday) | Pratidin National Daily | मूल्य-रु.५/-

# मन्त्री कार्कीसंगको रिसले दुर्गा माविको भवनमा आगजनी

झापा(प्रस) । जेन्जी आन्दोलनका नाममा आन्दोलनकारीहरुले कोशी प्रदेश सरकारका खानेपानी, सिंचाई तथा ऊर्जामन्त्री एकराज कार्कीको घर तोडफोड मात्र गरेनन् , उनले अगुवाई गरेर बनाएको दुर्गा माविको भवनसमेत आगजनी गरेर क्षति पुर्याएका छन् ।

बिर्तामोड ९ स्थित दुर्गा मावि गरामनीको भवन भदौ २४ गते आन्दोलनकारीहरुले आगजनी गरेका हुन् । भुइँतलामा व्यवसायिक सटर र माथिल्लो तलामा कक्षा कोठा रहेको भवनमा आगजनी हुँदा भवनमा क्षति पुग्नुका साथै भवनभित्र रहेका सरसामान जलेर नष्ट भएको छ । दुर्गा माविको पुरानो भवन अगाडि रहेको खाली चौरीमा केही वर्षअघि सो दुईतले भवन बनाइएको थियो । त्यतिबेला मन्त्री कार्की विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहेका थिए । खेलकुदका कार्यक्रम र दशैमा मेला लाग्ने गरेको सो चौरीमा भवन बनाउन खोज्दा शुरुमै विरोध भएको थियो । भवन बनाउन खनिएको खाल्डो



विरोध गर्नेहरुले पुरेका थिए । पछि सर्वदलीय सहमति गरेर सो भवन बनाइएको थियो । तर पनि मन्त्री कार्कीले बनाएको सो भवनका बारेमा बेलाबेला विरोध आउने गरेको थियो । बिर्तामोड ८ मा रहेको मन्त्री कार्कीको घरसंगै दुर्गा माविको भवनमा आन्दोलनकारीहरुले धावा बोल्नुको पछाडि मन्त्री कार्कीसंगको रिसिवी हुनसक्ने आशंका गरिएको छ । मन्त्री कार्कीले पनि सो कुरा स्वीकार गरेका छन् । जेनजी आन्दोलनका नाममा दुर्गा माविबाहेक कही पनि शैक्षिक संस्थामाथि आक्रमण भएको छैन । त्यसमा पनि दुर्गा माविको पुरानो भवन नजलाई मन्त्री कार्कीले नै बनाएको भवन जलाएका छन् । दुर्गा माविको भवन जलाउने कार्यमा जेनजीको नाममा राप्रपा र माओवादीका कार्यकर्ताहरुको हात रहेको मन्त्री कार्कीले आरोप लगाए । आफ्नो घरमा पनि उनीहरुले नै तोडफोड गरेको उनको आरोप छ । आन्दोलनकारीहरुले मन्त्री कार्कीको घरको सीसा फुटाएका छन् । आगजनी भने गर्न पाएनन् । आगजनी गरिएको दुर्गा माविको भवनको भुइँतलमा २१ वटा सटरमा विभिन्न पसल रहेका थिए भने माथिल्लो तलामा रहेको कक्षा कोठामा विहान गरामनी क्याम्पस र १० बजेपछि विद्यालयको २,३ ,४ र ५ कक्षाको पढाइ हुने गरेको थियो । आगजनीबाट कक्षा कोठामा रहेका फर्निचर र सेमिनार हलमा रहेका सरसामान जलेर नष्ट भएको प्रधानाध्यापक लक्ष्मण शिवाकोटीले बताए । त्यस्तै गरामनी क्याम्पसको कागजपत्र र फर्निचर पनि जलेर नष्ट भएको क्याम्पस प्रमुख कृष्ण पाठकले बताए । तला माथि आगो सल्किरहँदा सटरका सामानहरु भने व्यवसायीहरुले निकालेका थिए ।

## मर्मतमा अग्रसर भए बिर्तामोडका शैक्षिक संस्था



बिर्तामोड(प्रस) । जेनजी आन्दोलनकै दिन आगलागीबाट क्षति भएको बिर्तामोड-९ गरामनीस्थित दुर्गा माविको भवन मर्मतका लागि बिर्तामोडका दुई शैक्षिक संस्था अग्रसर भएका छन् ।

बिर्तामोड ३ स्थित आदर्श स्कूल अफ होटल म्यानेजमेन्ट र लिंकन मन्टेश्वरी स्कूल दुर्गा माविमा भएको क्षति मर्मतमा जुटेका हुन् । आगलागीका कारण विद्यालयको डिजिटल बोर्ड, कम्प्युटर, ल्यापटप, कुर्सी लगायतका सामग्री जलेको/हराएको, आगलागीका कारण रंग लगाउनु पर्ने जस्ता समस्या भएको आदर्श स्कुलका निर्देशक संजोग खरेलले बताए । खरेलका अनुसार लिंकन र आदर्शले दुर्गा माविमा भएको क्षति मर्मतमा लागि २ लाख बराबरको सामग्री उपलब्ध गराइने छ। ती दुई शैक्षिक संस्थाको अभियानमा गोमेन्द्र विर्ता मोडेल स्कूल, न्यूटन्स एजुकेशन फाउण्डेशन र निदि कलेजले समेत ऐक्यबद्धता जनाएको लिंकन मन्टेश्वरीका संचालक सरोज पौडेलले बताए ।

## सुंगुरकै पाठापाठी विक्री गरेर सुकुम्बासीबाट मालिक

• लक्ष्मी उप्रेती

मेचीनगर । झापा मेचीनगर– ८ का सन्तोष मेचेको कुनै समय हरेक वडावासीका घर घरमा उनीहरुका दुःख सुख र अप्ठयारोमा साथ सहयोगमै वित्ने गरेको थियो । २०७४ सालको स्थानीय तहको निर्वाचनमा झापा मेचीनगर नगरपालिका वडा नम्बर–८ बाट वडा सदस्यमा निर्वाचित भएपछि उनको अधिकाँश समय वडावासीकै समस्याहरुको समाधान खोज्दैंमा वित्यो ।


तर, पछिल्लो केही वर्षयतादेखि उनको दैनिकी नै फेरिएको छ । विभिन्न गाउँ –गाउँ जाने सुंगुरका पाठापाठी संकलन (खरिद) गर्ने र त्यसलाई झापाका विभिन्न हाटबजारमा पुर्‍याएर विक्री गर्नु नै सन्तोषको आजको दैनिकी बनेको छ । हुन त उनले यो व्यवसाय शुरु गरेको २४ वर्ष

❖ बाँकी पृष्ठ ३ मा

## कांग्रेस-एमाले प्रत्यक्ष निर्वाचित कार्यकारीको विपक्षमै

झापा(प्रस) । जेन-जी आन्दोलनका विभिन्न मागमध्ये 'प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख' पनि एक हो। राज्य सत्तामा पालैपालो रहेका पाका पुस्ता र उनीहरूको पछुवाहरूलाई 'चरम भ्रष्टाचारी' ठहर गर्दै विकल्पको खोजीमा लागेका जेन-जी युवाहरू स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्नेमा पक्षमा छन्।

सुरुमा भ्रष्टाचार, सुशासन र नागरिक स्वतन्त्रताको माग अघि सारेर आन्दोलनमा होमिएका जेन-जी युवाहरूले अन्तरिम सरकार निर्माणको चरणसम्म आइपुग्दा प्रत्यक्ष निर्वाचित कार्यकारीको एजेन्डा पनि थपेका छन्। यससँगै विगतमा चर्चामा आउँदै सेलाउँदै गरेको यो विषय पुनः बहसमा आएको हो।



जेन-जी युवाहरूले राष्ट्रपतिसँग अन्तरिम सरकार निर्माणकै क्रममा यो विषय अघि सारेका छन्। जसअनुसार २१ फागुनमा हुने प्रतिनिधिसभाको मध्यावधि चुनावपछिको संसद्मार्फत प्रत्यक्ष निर्वाचित कार्यकारी रहने गरी संविधान संशोधन अघि बढाइने भनिएको छ।

यद्यपि यो विषय सहजै निष्कर्षमा नपुग्ने देखिन्छ। किनकि मुख्य दलहरू नै यसमा विभाजित छन्। जेन-जीले आफ्नो एजेन्डा बनाएको बलमा कतिपय दल प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्षमा उभिए पनि मुख्य दलहरू अझै यसका विपक्षमा छन्।

माओवादी केन्द्र युवाहरूकै मागअनुसार अब प्रत्यक्ष निर्वाचित कार्यकारीयुक्त प्रणालीमा जानुको विकल्प नभएको बताउँदै आएको छ। माओवादी अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड'ले यो विषय २०८१ असारदेखि जोडका साथ उठाउँदै आएका छन्।

संविधान संशोधनका नाममा कांग्रेस-एमाले मिलेपछि प्रधानमन्त्रीबाट मुक्त हुनुअघि संसद् बाट विश्वासको मत लिने क्रममा उनले 'संविधान संशोधन नै गर्ने हो भने प्रत्यक्ष निर्वाचित कार्यकारीमा जाऔँ' भनेर चुनौती दिएका थिए। त्यसयता माओवादीले यो विषय निरन्तर उठाउँदै आएको छ।

अहिले जेन-जी युवाहरूले पनि यो एजेन्डालाई आत्मसात गरेपछि माओवादीलाई थप बल मिलेको छ। शुक्रबार मात्रै पनि संविधान दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै माओवादी अध्यक्ष प्रचण्डले संविधान संशोधनमार्फत प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्थामा पुग्नुपर्ने बताए।

प्रचण्डको भनाइः-

चाहे त्यो प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको कुरा होस् या पूर्ण समानुपातिक निर्वाचन प्रणालीको कुरा होस्, वा उत्पीडित वर्ग, जाति, समुदायको पहिचान र अधिकार जति प्राप्त हुनुपर्थ्यो– चाहे त्यो प्रदेशहरूको संख्याको सन्दर्भमा होस् वा उनीहरूको पहिचान र अधिकारको सन्दर्भमा होस्, सबै वर्ग-समुदायका निम्ति हामीले भिन्न मत राखेका थियौँ।

म लामो व्याख्या नगरी त्यसको ऐतिहासिकता आज जेनजी विद्रोहले फेरि एकचोटि पुष्टि गरेको ठान्छु। हाम्रा ती रिजर्भेसन, मत सही थिए र १० वर्षपछि फेरि एकचोटि तिनको पुनर्लेखन गरेर या संशोधन गरेर मुख्यतः संविधान संशोधन गरेर त्यो ठाउँमा पुग्न सकिन्छ भन्ने आधार बनेको देख्छु।

माओवादी प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति सहितको प्रणालीमा जानुपर्ने पक्षमा उभिँदै आएको दल हो। यो उसको पुरानै एजेन्डा हो। २०६४ को पहिलो संविधानसभामा देशकै प्रमुख शक्तिका रूपमा उदाएको उसले यही अडान राखेको थियो। त्यस वेला कांग्रेस पूरै विपक्षमा थियो भने एमाले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख प्रधानमन्त्री हुनुपर्छ भन्नेमा थियो।

तर त्यो संविधानसभाले संविधान बनाउन सकेन र २०७० दोस्रो संविधानसभाको निर्वाचन भयो। त्यसपछि दलहरूको हैसियत परिवर्तन भयो र माओवादी खुम्चिन पुग्यो। त्यसैले विशेषगरी माओवादीले उठाउँदै आएको प्रत्यक्ष निर्वाचित कार्यकारीको विषयमा सहमति जुटेन। फलस्वरूप शासकीय स्वरूप संसदीय प्रणाली कायम राखेर संविधान जारी भयो।

अहिले संविधान जारी भएको १० वर्ष पूरा हुँदै गर्दा प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्षमा माहोल बलियो बन्दै गएको देखिन्छ। माओवादीसँगै अन्य साना दलहरू राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष कार्यकारी नेतृत्वमा जानुपर्ने पक्षमै छन्।

माओवादी पृष्ठभूमिकै नेता डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) पनि प्रत्यक्ष निर्वाचित कार्यकारी नेतृत्वकै पक्षधर हो। पूर्वप्रधानमन्त्रीसमेत रहेका भट्टराईले राजनीति स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी नेतृत्वमा जानुपर्ने बताउँदै आएका छन्। उनले शुक्रबार पनि

❖ बाँकी पृष्ठ ४ मा

## सत्ताच्यूत भएका कांग्रेस- एमाले फेरि जुर्मुराउँदै

झापा(प्रस)। जेनजीको आन्दोलनबाट सत्ताच्यूत भएका नेपाली कांग्रेस र नेकपा एमाले फेरि जुर्मुराउन थालेका छन् । शासन सत्ताबाट किनारा लागेको दुई साता नबित्दै ती दुई पुराना दलले राजनीतिक सक्रियता देखाउन थालेका हुन् ।



यसक्रममा शुक्रवार उनीहरुले संविधान दिवसको अवसरमा बिर्तामोडमा शान्ति र्‍याली निकालेका छन् । संविधान दिवसको अवसरमा दिउँसो ३:३० बजेदेखि हनुमान कम्प्लेक्स अगाडिबाट शुरु भएको र्‍याली “संघीय लोकतान्त्रिक गणतन्त्र जिन्दावाद, संविधानको रक्षा गरौं, अराजकताको अन्त्य गरौं, अराजकता होशियार, भ्रष्टाचार अन्त्य गरौं, बीर सहिदहरु अमर रहून्, संविधान दिवस सफल पारौं“ जस्ता नाराहरु लगाउँदै प्लेकार्ड र पार्टीका झण्डाहरु बोकेर मुक्ति चोक, अधुवा खोलाको पुल, इलाम स्टेण्ड हुँदै पुनः मुक्तिमा आई कोणसभा परिणत भएको थियो । नेपाली कांग्रेस बिर्तामोड नगर समिति र नेकपा एमाले बिर्तामोड नगर कमिटीको संयुक्त आयोजनामा नेपाली कांग्रेसका बिर्तामोड नगर सभापति भोजराज सिटौलाको नेतृत्वमा, संविधानसभा सदस्य सुधीरकुमार शिवाकोटी, राष्ट्रिय सभाका पूर्व सदस्य नेता हरिचरण शिवाकोटी, बिर्तामोड नगरपालिकाकी नगर प्रमुख पबित्रादेबी महतारा प्रसाईं, नेकपा एमालेका बिर्तामोड नगर कमिटी अध्यक्ष सुबास भट्टराई, पार्टीका नेता तथा कार्यकर्तालगायतको सहभागिता रहेको थियो ।

कोणसभामा बोल्दै राष्ट्रिय सभाका पूर्व सदस्य शिवाकोटीले भदौ २३ र २४ गते जेन्जीको नाममा अन्य अराजक तत्वहरूबाट आन्दोलन भएको आरोप लगाए ।

उनले देशमा ठूलो बलिदानीबाट प्राप्त भएको संघीय गणतन्त्र विरुद्धका लाग्ने कसैलाई छुट नभएको बताए । त्यसैगरी संविधान सभा सदस्य शिवाकोटीले देशमा केही प्रतिगामी तत्वहरूले २०७२ को संविधानलाई नष्ट गर्न जेन्जीको नाममा घुसपैठ गरी देशमा अराजकता मच्चाएको आरोप लगाएका थिए ।

## कांग्रेस र एमालेका कार्यकर्ताद्वारा तीनजनालाई कुटपिट

झापा(प्रस) । जेनजीको आन्दोलनले सत्ताबाट किनारा लागेका कांग्रेस र एमालेका कार्यकर्ताहरु सर्वसाधारणमाथि खनिन थालेका छन् । संविधान दिवसको अवसरमा झापाको अर्जुनधारामा शान्तिपूर्ण र्‍याली निकालेका कांग्रेस र एमालेका कार्यकर्ताहरुले शुक्रवार तीनजनालाई कुटपिट गरेका हुन् । नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँईलाई कालो झण्डा देखाएको भन्दै स्थानीय संचारकर्मी कौशल भण्डारीलाई कुटपिट गरेका छन् भने बाटो हिड्ने अन्य दुईजना युवामाथि पनि कुटपिट भएको छ । ती युवाले भिडियो खिच्न खोजेको जनाइएको छ । कांग्रेस- एमालेले अर्जुनधाराको देवकोटा चौकमा र्‍यालीपछि कोणसभा गरेका थिए । त्यस कोणसभामा एमालेका जिल्ला अध्यक्ष प्रेम गिरी , कांग्रेसका जिल्ला सचिव हुमागाँईलगायतले संबोधन गरेका थिए ।

## माओवादी र समाजवादीले गरे बहिष्कार

बिर्तामोड(प्रस) । नेकपा एमाले र नेपाली कांग्रेसले बिर्तामोडमा आयोजना गरेको संविधान दिवसको कार्यक्रममा अन्य राजनीतिक पार्टीहरु सहभागी भएनन् ।

शुक्रबार दिउँसो ३ बजे मुक्ति चोकमा आयोजना गरेको कार्यक्रममा सहभागिता जनाउन नेपाली कांग्रेसका जिल्ला सचिव कृष्ण हुमागाईले आग्रह गरेपनि आफूहरूले छुट्टै कार्यक्रम गरेको नेकपा एकीकृत समाजवादी झापाका एक नेताले बताए ।

उनीहरुले पार्टी कार्यालयमा दीप प्रज्वलन गरी संविधान दिवस मनाएका थिए ।

कार्यक्रममा बोल्दै एकीकृत समाजवादी पार्टी झापाका सह-इन्चार्ज चन्द्रा श्रेष्ठले जेनजीले उठाएका पार्टी नेतृत्वमा पुस्ता हस्तान्तरण, प्रत्यक्ष निर्वाचित कार्यकारी जस्ता मुद्दा सम्बोधन हुनु पर्ने बताइन् ।

त्यस्तै जिल्ला अध्यक्ष बिपी भट्टराईले २०४६ सालयता सार्वजनिक पदमा बसेकाहरुको सम्पत्ति छानबिन हुनुपर्ने माग गरे । कार्यक्रममा केन्द्रदेखि नगरसम्मका नेता कार्यकर्ताको उपस्थिति रहेको थियो ।

यता नेकपा माओवादी केन्द्रले साँझ ५ बजे मुक्ति चोकमा दीप प्रज्वलन गरी संविधान दिवस मनाएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै पार्टीका जिल्ला संयोजक राजु आचार्य (अग्नी)ले संविधान मास्न खोज्ने कांग्रेस-एमालेले संविधान दिवसको कार्यक्रम गरेर संविधानको उपहास गरेको आरोप लगाए । उनले कांग्रेस-एमालेको दुई तिहाईको दम्भ र भ्रष्टाचारका कारण जेनजी आन्दोलन भएको भन्दै उनीहरूको मागप्रति पार्टीको ऐक्यबद्धता रहेको बताए ।

बिर्तामोड नगर कमिटीको आयोजनामा भएको कार्यक्रममा प्रदेश सदस्य भवानी दङ्गाल, नगर इन्चार्ज कुबेर श्रेष्ठ (अरुण), नगर अध्यक्ष मोहन सुब्बा लगायत प्रदेशदेखि नगर तहसम्मका नेता कार्यकर्ताहरु सहभागी थिए ।

# क्षतिग्रस्त भवन बनाउने नाममा रकम संकलन नगर्न अनुरोध





मेचीनगर(प्रस)। जेनजी आन्दोलनका क्रममा क्षति भएका भवनहरुको मेचीनगर नगरपालिका कार्यालय आफैले पुनर्निर्माण गर्ने भएको छ ।

जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुमा भएको तोडफोड र आगजनीका कारण क्षति भएका भवनहरु आफै बनाउने भएको हो ।

नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले असोज ३ गते संविधान दिवसका दिन जेनजी आन्दोलनका क्रममा क्षति भएको नगरपालिका कार्यालय र वडा कार्यालयहरुको भौतिक संरचना नगरपालिका आफैले पुनर्निर्माण गर्ने बताएका छन् ।

शुक्रबार नगरप्रमुख बुढाथोकीको हस्ताक्षर रहेको सार्वजनिक सूचनामा क्षति भएका भौतिक संरचना आफै बनाउने उल्लेख छ । नगरपालिका कार्यालय र मातहतका वडा कार्यालयहरुको पुनर्निर्माण तथा रंगरोगन गर्ने भनेर विभिन्न समूह र व्यक्तिगत रकम संकलन गर्ने कार्य कानुन विपरित छ । त्यस्तो कार्य जो कोहिले गरिरहेको छ भने तत्काल बन्द गर्न सूचनामा भनिएको छ ।

**आइतवारदेखि अत्यावश्यक सेवा सुरु**

आइतवारदेखि अत्यावश्यक सेवा दिने तयारीका साथ नगरप्रमुख बुढाथोकी, उपप्रमुख मीना पोखरेल उप्रेती, प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी लगायतको जनप्रतिनिधि र कर्मचारीको टोलीले वडा कार्यालयहरु निरीक्षण गरिरहेको छ ।

विहीबार नगरसभा हलमा बसेको कार्यपालिका बैठकले जेनजी आन्दोलनमा ज्यान गुमाएका शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरेको थियो ।

# दुई महिनापछि आयो धरानको बजेट

झापा(प्रस)। कानुन अनुसार असार १० भित्र बजेट ल्याउन नसकेको धरान नगरपालिकाले अन्ततः बजेट पास गरेको छ। छैठौ पटक बसेको कार्यपालिका बैठकले असोज ४ गते अर्थात शनिबार १७ औ नगरसभा बस्ने निर्णय गरेको छ। बिहीबार बसेको कार्यपालिका बैठकबाट चालु आर्थिक बर्ष २०८२/८३ को नीती तथा कार्यक्रम र बजेट पास गरेको हो ।

बैठकमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको चालु आर्थिक बर्षको लागि २ अर्ब २० करोड ७४ लाख ५९ हजार बजेट सर्वसम्मत पारित भएको छ भने १७ औ नगरसभाको उद्घाटन असोज ४ गते आह्वान गर्ने निर्णय गरेको छ ।

यसअघि भदौ २६ मा नगरसभा गर्ने निर्णय भएपनि जेन-जी आन्दोलनको क्रममा धरानमा भएको तोडफोड, आगजनी र लुटपाटको घटनाले अन्योल बनेको थियो । बैठकमा मेयर हर्क साम्पाङले बाँकी रहेका ९ बटा एजेण्डा प्रस्तुत गरेका थिए । बैठकमा नीति तथा कार्यक्रम संशोधनसँगै राजश्व पुनरावलोकने, बसपार्क सञ्चालन, सडक उपयोग सेवा शुल्कको ठेक्का , दररेट लगायतका बाँकी रहेका एजेन्डाहरु पारित भएको छ । बैठकमा नगरसभा शनिबार बिहान ८ बजे धरान उपमहानगरपालिकाको परिसरमा गर्ने निर्णय गरिएको हो ।

बैठकमा मेयर साम्पाङले बिपद् कोषमा छुट्याएको ३ करोडबाट फोहोरमैला उठाउनका लागि मिनी टिपर किन्नको लागि १ करोड छुट्याउन राखेको प्रस्ताव पनि कार्यपालिकाबाट सर्वसम्मत पारित भएको छ। त्यस्तै भाद्र २३ र २४ गतेको जेन- जी आन्दोलनको क्रममा शहादत प्राप्त गरेका धरान उपमहानगरपालिका वडा नम्बर ५ आमटार चौरी निवासी साजन मेवाहाङ्ग राईका दुई नाबालक छोराहरुको पठनपाठनका लागि राहतस्वरुप उनीहरुको नाममा खाता खोली ५ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरिएको छ ।

त्यस्तै अतुलनीय संकटको बेला धरान १० स्थित पुतली लाईनमा रहको भाटभटेनीमा जेन-जी आन्दोलनको क्रममा अराजक समूहले लगाएको आगो नियन्त्रणमा ल्याउन दिनरात खटेर सहयोग गर्ने धरानका बारुण यन्त्रका नगर प्रहरीलाई पनि सम्मान गरिने निर्णय गरिएको छ ।

नेपालको संविधान स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय सरकारले असार मसान्तभित्रमा बजेट निर्माण गरी पास गरिसक्नु पर्ने कानूनी व्यवस्था छ । तर अन्तिम समयमा पनि नगर सभाबाट प्रस्तावित विनियोजन विधेयक र बजेट पारित हुन नसक्दा श्रावण १ गतेबाट धरान उपमहानगरपालिका कानुनी रूपमै बजेटविहीन बनेको थियो । धरानको बजेट शुन्य भएसंगै दुई महिनादेखि आर्थिक कारोबार पूर्णरुपमा ठप्प छ ।

# विर्तामोडमा पत्रकार महासंघको प्रभातफेरी

बिर्तामोड(प्रस) । संविधान दिवस यस वर्ष पनि विगतमा झैँ विविध कार्यक्रमको आयोजना गरी मनाइएको छ । नेपाल पत्रकार महासंघ झापा शाखाको अगुवाईमा नागरिक तथा सामाजिक संघसंस्थाको सहभागितामा शुक्रबार संविधान दिवसको अवसरमा प्रभातफेरी तथा कोणसभा सम्पन्न भएको छ ।

नेपाली जनताको लामो बलिदानीपूर्ण र लामो संघर्षको उपलब्धिस्वरुप संविधानसभाबाट नेपालको संविधान २०७२ असोज ३ गते घोषणा भएको थियो । २०६४ सालमा निर्वाचित संविधानसभा असफल भएपछि २०७० सालमा मुलुकमा भएको दोस्रो संविधानसभाको निर्वाचनपछि गठित संविधानसभाले अथक मेहनत र लामो विवादपछि 'नेपालको संविधान, २०७२' जारी गरेको थियो ।

संविधानसभाका ९० प्रतिशतभन्दा बढी सदस्यहरूद्वारा पारित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ मा ३५ भाग, ३०८ वटा धारा र ९ वटा अनुसूची छन् । संविधानमा ३१ वटा मौलिक हक रहेका छन् । सार्वभौम र राजकीयसत्ता जनतामा निहित रहने भएको उल्लेख छ ।

विर्तामोडस्थित हनुमान कम्प्लेक्स अघिबाट 'प्रेस स्वतन्त्रता जिन्दावाद, संविधान दिवस जिन्दावाद, संविधानको रक्षा गर, भ्रष्टाचारको अन्त्य, सुशासन र शान्ति हाम्रो चाहना, सुशासन कायम होस्' जस्ता नारा लेखिएका प्लेकार्ड र आ– आफ्नो संस्थाको पहिचान झल्किने व्यानरसहित सहभागीहरु विर्तामोड बजारको परिक्रमापछि मुक्ति चोकमा पुगेर कोण सभामा परिणत भएका थिए ।

कोणसभालाई नेपाल पत्रकार महासंघ कोशी प्रदेश सभा उपाध्यक्ष अम्बिका भण्डारी, नेपाल पत्रकार महासंघ झापा शाखा अध्यक्ष एकराज गिरी , मानव अधिकार सञ्जाल झापाका अध्यक्ष डाक्टर रुपक खनाललगायतले सम्बोधन गरेका थिए । उनीहरुले संविधानको रक्षासंगै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका विषयमा बोलेका थिए ।

प्रभातफेरीमा विर्तामोड उद्योग बाणिज्य संघ, रोट्र्याक्ट क्लब अफ विर्तामोड, मानव अधिकार सञ्जाल झापा, वीरता जेसीज, मारवाडी युवा मञ्च, छठ युवा फ्रण्ट, शुरुवाती कोठा नेपाल, पूर्वेली यूवा क्लब, वीरता लेडी जेसीज, बाहुनडाँगी जेसीज, वैदेशिक रोजगार व्यवसायी संघ, इनरव्हील क्लब अफ बिर्तामोड मिडटाउन, झापा जिल्ला खेलकुद विकास समिति, नागरिक सेवक झापासहित पत्रकारजन्य संघ संगठनहरुको आफ्नो पहिचान झल्किने व्यानरसहित सहभागिता रहेको थियो ।

नेपाल पत्रकार महासंघ झापा शाखाका सचिव राजु पाठकले सञ्चालन गरेको कार्यक्रममा सहभागी सवैलाई उपाध्यक्ष सुव्रत न्यौपानेले धन्यवाद ज्ञापन गरेका थिए ।

# निर्धारित समयमै निर्वाचन सम्पन्न गर्ने भूमिका खेल्न राष्ट्रपतिको आह्वान

झापा । राष्ट्रपति रामचन्द्र पौडेलले निर्धारित समयमै निर्वाचन सम्पन्न गर्ने भूमिका खेल्न सम्बद्ध सबैलाई आह्वान गरेका छन्।

संविधान दिवस (राष्ट्रिय दिवस), २०८२ का अवसरमा राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उनले प्रतिनिधिसभाबाट मन्त्रिपरिषद् गठन गर्ने कुनै उपाय नभएपछि आम सहमतिले उत्पन्न सङ्कटबाट मुलुकलाई निकास दिएको बताए।

राष्ट्रपति पौडेलले देशमा उत्पन्न भएको विषम परिस्थितिलाई दृष्टिगत गरी छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराउने गरी अहिलेलाई राजनीतिक निकास दिएको प्रसङ्ग उल्लेख गर्दै तोकिएको समयसीमाभित्रै प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी दिगो ढङ्गबाट राजनीतिक निकास दिने पक्षमा चालिएको कदमलाई सहयोग पुर्‍याउन सम्बद्ध सबै पक्षसँग अनुरोध गरे।

उनले अहिलेको घडीमा सबै राजनीतिक दल, मुलुकको प्रशासन तथा व्यवस्थापनमा आबद्ध निकाय, बौद्धिक समुदाय र नागरिकहरूलाई असहमति र द्वन्द्व छोडेर पूर्वाग्रहरहित भई समन्वय र सहकार्यसाथ निर्वाचनको सफलताका लागि क्रियाशील हुन आह्वान गरे।

राष्ट्रपति पौडेलले भने, "यो संविधानले नेपाली जनतालाई सर्वभौमसत्ता र स्वतन्त्रता दिएको छ। सबै जात, धर्म र सम्प्रदाय सम्बद्ध जनतालाई समान हक दिएको छ। र, समन्वय कायम गरी उन्नति गर्ने अवसर दिएको छ। हामी संवैधानिक विकासको इतिहासमै सबैभन्दा बलियो र सार्वभौम भएका छौँ। यो हामीले प्राप्त गरेको युगीन उपलब्धि हो। त्यसैले सबैले यसको रक्षा गरौँ।"

राष्ट्रपति पौडेलले हरेक पुस्ताको सहभागिताले लोकतन्त्र बलियो हुँदै जान्छ भन्ने आफ्नो दृढ विश्वास रहेको उल्लेख गर्दै आफैँ पनि १७ वर्षको कलिलो उमेरमा २०१७ सालमा प्रजातन्त्रका लागि राजनीतिमा होमिएको स्मरण गरे।

उनले भने, "परिस्थितिले मलाई भदौ २४ गतेपछि उत्पन्न राजनीतिक अप्ठ्यारो र रिक्तता सम्हाल्ने ठाउँमा ल्याएर राखेको छ। सबैको सुझबुझ, समन्वय र सहयोगका कारण हामीले यो असहज परिस्थितिलाई सम्हालेका छौँ।"

## कांग्रेस–एमाले..

संविधान दिवसको शुभकामना दिने क्रममा भनेका छन्, 'लोकतान्त्रिक स्थिरताका निम्ति संविधान संशोधन गरौँ, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली कायम गरौँ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि प्रत्यक्ष निर्वाचित कार्यकारी नेतृत्वकै पक्षमा रहँदै आएको दल हो। रास्वपाले २०८० असारमा पहिलोपटक आफ्नो दस्तावेजमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गरिने उल्लेख थियो। सोही विषय समेटिएको सभापति रवि लामिछानेको राजनीतिक प्रतिवेदन वर्ष दिनअघि मात्र रास्वपाको पहिलो राष्ट्रिय भेलाले पारित गरेको छ।

अर्को दल राप्रपा पनि प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको पक्षमा छ तर उसले राष्ट्रपतिको स्थानमा राजा हुनुपर्ने अडान राख्दै आएको छ।

यसबाहेक सिके राउत नेतृत्वको जनमत पार्टी, नारायणमान बिजुक्छे नेतृत्वको नेपाल मजदुर किसान पार्टीलगायत पनि प्रत्यक्ष निर्वाचित कार्यकारी नेतृत्वको पक्षधर हुन्।

यसअघि कुनै हालतमा प्रत्यक्ष निर्वाचित कार्यकारी हुन नहुने पक्षमा उभिएको एकीकृत समाजवादी पछिल्लो समय केही लचक बनेको देखिन्छ। पार्टी उपाध्यक्ष एवं प्रवक्ता प्रकाश ज्वाला गम्भीर बहस र छलफलबाट यसमा निष्कर्ष निकाल्नुपर्ने बताउँछन्।

'फरक शासकीय स्वरूपमा जाने भए संविधान संशोधन अनिवार्य हुन्छ। त्यसकारण शासकीय स्वरूप, संघीयता, निर्वाचन प्रणालीलगायत यी तमाम विषयहरूमा नयाँ ढंगले अघि बढ्नुअघि संविधान संशोधन हुनुपर्छ। गम्भीर छलफलमा गरेर यी एजेन्डाहरूमा निष्कर्ष निकाल्नुपर्छ', पार्टीको आधिकारिक लाइन चाहिँ के हो त भन्ने प्रश्नमा उनले भने, ' यो विषयमा हाम्रो पार्टीमा छलफल भइसक्या छैन।' कांग्रेस-एमाले अझै विपक्षमा

पुरानो लोकतान्त्रिक दल कांग्रेस र एमालेलगायतका दल भने अझै प्रत्यक्ष निर्वाचित कार्यकारी नेतृत्वको विपक्षमा छन्। उनीहरू संसदीय प्रणालीमै अस्थिरताको हल खोज्नुपर्नेमा जोड दिन्छन्।

पार्टीभित्र विगतमा बेलाबखत प्रत्यक्ष निर्वाचित कार्यकारी नेतृत्वको बहस हुने गरे पनि औपचारिक रूपमा कहिल्यै त्यसलाई अघि नबढाएको कांग्रेस अहिले पनि यसको विपक्षमै छ। कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्मा प्रत्यक्ष निर्वाचित कार्यकारीको एजेन्डा जेन-जी युवाहरू नरहेको दाबी गर्दै अहिलेलाई संसदीय प्रणाली नै सही भएको जिकिर गर्छन्।

'प्रत्यक्ष निर्वाचित कार्यकारी हुनुपर्छ भन्ने खास जेन-जीको एजेन्डा होइन। हाइज्याक गरेर उठाइएको विषय मात्र हो। एउटा घटनापछि नागरिकहरूले दिएका विभिन्न मत अभिमतलाई लिएर हामीले हाम्रो धारणा बनाउँदैनौँ अहिले। यो विषय कसैले उठाएको भए पनि हाम्रो फरक मत नै रहन्छ', अहिलेलाई संसदीय प्रणाली नै ठिक छ भन्ने हो ? भन्ने प्रश्नमा उनले भने, 'हो। अहिलेलाई यही प्रणाली ठिक छ।'

एमाले पनि संसदीय प्रणालीमै राजनीतिक अस्थिरताको हल खोज्नुपर्ने पक्षमा छ। २०६४ र २०७० को संविधानसभा निर्वाचनको घोषणापत्रमै प्रत्यक्ष निर्वाचित कार्यकारी नेतृत्वबारे उल्लेख गरेको एमाले अहिले भने संसदीय प्रणालीको विकल्प खोज्ने वेला नभएको बताउँछ।

एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डे नेपाल जस्तो देशमा प्रत्यक्ष निर्वाचित कार्यकारी सान्दर्भिक नहुने आशय व्यक्त गर्छन्। अहिले संसद्ले चयन गर्ने कार्यकारी प्रधानमन्त्रीसमेत अहंकारी हुने गरेको भन्दै त्यसरी जनताबाट प्रत्यक्ष निर्वाचित हुने कार्यकारी देशका लागि झन् खतरनाक हुने बुझाइ उनको छ।

**पाण्डेको भनाइः–**

यसमा दुबै पाटो उत्तिकै रेस्पोन्सिबल हुन्छ। एउटा पाटोबाट मान्छेले भन्छन् प्रत्यक्ष कार्यकारी भयो भने पाँच वर्ष स्थायी सरकार हुन्छ। सामान्य आँखाबाट त्यो ठिक कुरा हो भन्ने देखिन्छ।

तर प्रत्यक्ष कार्यकारीले पनि देश चलाउने त ऐनबाटै हो। उसले देश चलाउने त्यो कानुन ऐन फेरि संसद्ले पास गरिदिनुपर्छ। त्यो क्रममा उसलाई समर्थन गर्ने बहुमत छैन भने त्यस्तो अवस्थामा प्रत्यक्ष कार्यकारीले बजेटदेखि विधेयकहरू पारित कसरी गर्छ ?

त्यसरी संसद्बाट असहयोग भएको अवस्थामा अमेरिकामा त भिटो सिस्टम छ। त्यसरी भिटो सिस्टम नराख्ने हो एउटा पनि विधेयक पारित हुने अवस्था बन्छ हाम्रोमा त। फेरि ल भिटो हालौँ भन्दा पनि त्यो हुने बित्तिकै प्रत्यक्ष निर्वाचित कार्यकारी कति दम्भी र अहंकारी होला? अहिले संसद्को बहुमतले चुनेको प्रधानमन्त्रीमा त त्यस्तो अहंकार हामीले देख्छौँ भने भिटो नै दिइयो भने त उसले कसैलाई गन्ला ? त्यसकारण यसलाई दुबै पाटोबाट गहिरो छलफल आवश्यक छ।

अर्को कुरा हामी खालि कागज बदल्ने कुरामा लाग्यौँ। विगतमा पनि स्थायित्वका लागि भनेर प्रधानमन्त्रीविरुद्ध पहिलो एक वर्ष र चुनावअघिको एक वर्ष अविश्वासको प्रस्ताव लान नमिल्ने बनायौँ तर अहिले भएन।

कागजभन्दा त मनस्थिति र कार्यशैली प्रधान हो। हामी त्यतातिर लागेनौँ अनि फेरि पनि कागजलाई दोष देखाएर संविधान मात्रै बदल्न लागेर के हुन्छ? त्यसकारण मुख्य कुरा त मान्छेको मनस्थिति बदलिनुपर्‍यो।


## छाडा पशुचौपायाको संरक्षण गरौं ।

**छाडा पशुचौपायाका कारणलेः**

- सडक दुर्घटनाको सम्भावना बढ्छ,
- बाली तथा बोटविरुवामा क्षति पुग्छ,
- मानिस र पशु दुबैको जीवन जोखिममा पर्छ,
- जथाभावी फोहोरमैला विसर्जन हुँदा रोग फैलिन सक्छ,
- सार्वजनिक शान्ति र सुरक्षामा अवरोध पुग्न सक्छ ।

**त्यसैले,**

- पशुचौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं,
- चरन क्षेत्रको व्यवस्थापन गरौं,
- सडकछेउमा पशुचौपाया नछाडौं/छाड्न नदिऔं,
- छाडा पशुचौपायाको नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**प्रदेश नं. १, प्रादेशिक कार्यालय,बिराटनगर**
**अनारमनी वितरण केन्द्र**

फोनः
०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)

## विद्युत आपुर्ति अवरुद्ध हुने बारेको सूचना

उपरोक्त सम्बन्धमा निर्माणाधिन अनारमनी-चन्द्रगढी ३३ केभी लाइनको Right Of Way (ROW)clearance को लागि यस अनारमनी वितरण केन्द्र अन्तर्गत अनारमनी अफिसदेखि सैनिकमोडसम्म Double Circuit निर्माण , १४.५ m पोल गाडी क्रसिङ्ग हटाउने कार्य अन्तिम चरणमा रहेको र अब १४.५ m Pole गाडी क्रसिङ्ग हटाउने कार्य मात्र बाँकी भएको हुँदा उक्त कार्य गर्न लाइन सटडाउन गर्नुपर्ने भएकाले मिति २०८२ असोज ४ गते शनिवार गरामनी , धुलाबारी बजार , चारआली, गोलधाप, (शनिश्चरे फिडर १ घण्टा) बिहान ६ बजेदेखि दिउँसो १ बजेसम्म अबरुद्ध हुने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

विद्युत अबरुद्ध भएर पर्न गएको असुविधाप्रति नेविप्रा क्षमाप्रार्थी छ ।

**– नेपाल विद्युत प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**

## बिमालेख हरायो

**झापा मेचीनगर-१३ निवासी सरोज विष्टको नाममा रहेको रिलायवल इन्सुरेन्स लि. को २०१०००००००९९ नम्बरको पोलेसी पेपर मिति २०८२ भदौ १ गते धुलावारीबाट हराएको हुँदा भेट्नुहुने महानुभावले तलको ठेगानामा सम्पर्क गरिदिनु होला ।**

सम्पर्क
**सरोज विष्ट**
**मेचीनगर- १३ , झापा**




**कपुरी मोटोकर्प प्रा.लि.**
**बिर्तामोड,झापा सम्पर्कः ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# भ्रष्टाचाररहित अर्थतन्त्र

जेनजीको आन्दोलनबाट मुलुकले जुन खालको क्षति बेहोरेको भए पनि लगानीका लागि पुँजीको अभाव भने अहिले देखिन्न । किनभने सर्वसाधारणदेखि संस्थागत बचतको थुप्रै बैंकमा लागेको छ । नेपालका बैंकहरूसँग ९ खर्ब ११ अर्ब रुपैयाँ लगानीयोग्य पुँजी छ । तरलताको मात्रा धेरै हुँदा बैंक ब्याजदरमा कमी आएको छ । तर, कर्जा प्रवाह उत्साहजनक त विध्वंसका दिनअघिसम्म पनि थिएन । झन् त्यतिका विध्वंस भए पनि अझै संकुचन आउने जोखिम छ ।

विदेशी मुद्रा सञ्चिति चुलिएको छ । मतलब के हो भने देशले विदेशबाट आयात गर्न सक्ने क्षमता बलियो छ । विप्रेषण बढेको छ । तर आन्तरिक अर्थतन्त्र फैलन सकेन । अब झन् कसरी तंग्रिएला भन्ने सबैभन्दा गम्भीर चुनौती हो । चुनावका लागि केन्द्रित भएर गठन भएको अन्तरिम सरकारमा प्रधानमन्त्री सुशीला कार्कीले अर्थविज्ञ रामेश्वर खनाललाई अर्थतन्त्रको जिम्मा सुम्पिएकी छन् । खनाल तिनै व्यक्ति हुन्, जसले गएको सरकारलाई चार सयबुँदे सुझाव दिएर अर्थतन्त्र उकास्ने दीर्घकालीन जुक्ति जुराएका थिए । अब उनी त्यसलाई कार्यान्वयन गर्ने तहमा आफैं छन् ।

निजी क्षेत्रप्रति नेपाली समाज पहिल्यैदेखि नकारात्मक धारणा राख्दै आएको समाज हो, खनाल भने निजी लगानी राज्यका पूर्वाधार निर्माणमा समेत लगाउनुपर्ने विचारका पक्षपाती हुन् । तसर्थ बैंकहरूमा थुप्रिएको पैसा ऋणपत्र लगानी औजारका माध्यमबाट भए पनि सरकारले परिचालन गर्न उनले नीतिगत र व्यवहारगत व्यवस्था गर्न सक्छन् ।

निजी क्षेत्रलाई सहुलियतको ऋणको व्यवस्थाबाट उत्साह भर्न सक्छन् । छोटो अवधिकै लागि आएका भए पनि अहिले खल्बलिएको वातावरणलाई संग्ल्याउने पहिलो जिम्मेवारी अर्थमन्त्री खनालकै काँधमा छन् । बैंकहरूमा रहेको तरलताको सदुपयोग गर्न सरकारले पुनर्निर्माण बन्ड जारी गर्ने हो भने सरकारी लगानी बढाउनुका साथै बैंकहरूको तरलता समस्या समाधान गर्छ । अर्थतन्त्र तंग्र्याउने त्यो एउटा उपाय हुन सक्छ । अर्थतन्त्रलाई नयाँ शिराबाट चलायमान बनाउनु पर्छ । भ्रष्टाचाररहित अर्थतन्त्र हुनुपर्यो । विकास निर्माणलाई घटाएर होस् वा बजेटलाई कम गरेर होस् भ्रष्टाचारलाई निर्मूल नै गरिनु पर्छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# संविधानले नसुल्झाएका बहस




• नारायण काफ्ले

पहिलो संविधान सभा विघटन हुनुको आवरणमा देखिएका चार मुख्य विवाद थिए । संघीय संरचना, शासकीय स्वरूप, न्याय प्रणाली, निर्वाचन प्रणालीलगायतका मुख्य विवाद थिए । दोस्रो संविधान सभामा आइपुग्दा विवाद साँघुरो बन्दै गए । संविधान सभामा फेरिएको राजनीतिक अङ्कगणितका कारण पहिलो सभाको भन्दा फरक परिदृश्य थियो । संसदीय व्यवस्था, मिश्रित निर्वाचन प्रणाली, एकीकृत न्यायालयको पक्षमा रहेका नेपाली कांग्रेस तथा नेकपा (एमाले) दोस्रो संविधान सभामा निर्णायक बनेपछि राजनीतिक सहमतिको दस्ताबेजका रूपमा २०७२ असोज ३ गते नेपालको संविधान जारी भयो ।

संविधान जारी भएको १० वर्ष नबित्दै संविधानको स्वामित्व लिएका दुई ठुला दल कांग्रेस र एमालेले नै मुख्य गरी निर्वाचन प्रणाली फेर्नुपर्ने विषयमा नयाँ बहस प्रारम्भ गरे । संविधानको पूर्ण कार्यान्वयन नहुँदै चुलिएको बहसको पक्ष र विषयमा दल विभाजित थिए । शासकीय अक्षमताको बोझ संविधानमा बोकाइएको भन्दै नागरिक समाजको एक तप्काको असन्तुष्टि थियो । शासकीय स्थिरताका लागि भन्दै दुई दलले प्रारम्भ गरेको बहसमा अन्य पक्षबाट पनि एजेन्डा थप हुँदै गए, जसमा संघीय संरचना हेरफेरसम्मका विषय छन् । संसद्, नागरिक समाज, पेसागत सङ्गठन र पछिल्लो समय भएको जेनजी आन्दोलनका क्रममा संशोधनका विषयवस्तु थपिने क्रममा छन् । सर्वपक्षीय माग अनुसार संविधान संशोधन अगाडि बढे १० वर्षमा नै संविधान पुनर्लेखनको बाटोमा छ । सामान्य संशोधनबाट अहिलेको एजेन्डा बोक्न र परिवर्तन आत्मसात गर्न सम्भव देखिन्न ।

शासकीय अक्षमताको बोझ पनि संविधानलाई बोकाइँदा प्रणाली फेर्ने बहस अहिले चुलिएको छ । पछिल्लो समय प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस चर्चामा छ । संविधान सभामा माओवादी केन्द्र र मधेशकेन्द्रित केही दलले यो एजेन्डा बोकेका थिए । कांग्रेस र एमाले सुधारिएको संसदीय व्यवस्थाको पक्षमा अडिग हुँदा एजेन्डाले महत्व पाएन । अहिले दुई दलले खोजेको संशोधन संसदीय व्यवस्थाभित्रकै स्थिर सरकार हो ।

संविधान संशोधनको सवालमा अहिले केही विषय छलफलमा छन् । औपचारिक रूपमा विषय पहिचान र संशोधनको मार्गचित्र प्रस्ट भइसकेका छैनन् । संविधान कार्यान्वयनमा देखिएका कठिनाइ, शासकीय संरचनामा देखिएका असन्तुष्टि, न्यायिक स्वतन्त्रता, संवैधानिक आयोगको कार्यक्षमतालगायत विषयसँग जोडिएर बहस भने जारी छ । संशोधन प्रक्रियामा भइरहेका पछिल्लो बहसले कम्तीमा पनि संघीयता र प्रदेश संरचना स्पष्टता, शासकीय प्रबन्ध, निर्वाचन प्रणालीको पुनरवलोकन, न्यायिक स्वतन्त्रता र नियुक्ति प्रक्रिया, समावेशिता र प्रतिनिधित्व, संवैधानिक आयोगको स्वायत्तता र स्वतन्त्रताका विषय निक्र्योल हुनुपर्ने अवस्था छ ।




संविधान आफैंमा स्थिर दस्तावेज होइन, समयानुकूल परिमार्जन आवश्यक हुन्छ र भइरहन्छ । आफ्नो परिवर्तनलाई संविधान आफैंले आत्मसात् गरेको हुन्छ । लोकतान्त्रिक पद्धतिमा संविधान निर्माताले यसका लागि निश्चित आधारभूत संरचनाबाहेक अन्य विषयलाई सदैव परिमार्जनयोग्य विषयमा खुला राखेका हुन्छन् । संविधान संशोधनको प्रक्रियालाई लचिलो राखेर जनआकांक्षा र आवश्यकता अनुसार परिमार्जनको व्यवस्था हुनु लोकतान्त्रिक प्रक्रियाको महत्वपूर्ण हिस्सा पनि हो ।

समाजको आवश्यकताले संविधान कानुन परिमार्जन हुने सामान्य नियम हो । समय अनुसार समाजको सोच, मूल्य, आवश्यकता र प्राथमिकता परिवर्तन हुन्छ त्यस अनुसार संविधान पनि समयक्रम अनुसार परिमार्जन र अद्यावधिक आवश्यक हुन्छ । यसबिचमा अदालतबाट भएका व्याख्याका क्रमका देखिएका अस्पष्टता सम्बोधन गर्न, कार्यान्वयनका क्रममा देखिएका कठिनाइ सम्बोधन गर्न आवश्यक प्रस्ट देखिएको छ । संघीय लोकतान्त्रिक व्यवस्थामा संघ, प्रदेश र स्थानीय तहको अधिकार बाँडफाँट, समायोजनलगायतका प्रस्टताका लागि पनि संशोधनको आवश्यकता महसुस गरिएको छ ।

### संशोधन/सुधारका आधार

संविधान सुधार वा संशोधन चरणबद्ध प्रक्रिया हो । यो प्रक्रियाको पूर्णता रातारात वा हठात् पूरा पनि हुँदैनन् । पर्याप्त बहस, नागरिक सहभागिता र अपनत्वलगायतका लामो प्रक्रिया संशोधनले लिन्छ । अहिलेकै संविधान संशोधनको प्रक्रिया अगाडि बढाउन कम्तीमा पनि तीन चरणको सुधार प्रक्रिया आवश्यक हुन्छ । जसमा अहिले भइरहेको कार्यान्वयन मूल्याङ्कन र त्यसको पूर्वअध्ययन आवश्यक पर्छ र हुनु पर्छ । किनकि संशोधनलाई सकेसम्म दीर्घकालीन, समयानुकूल र नागरिक भावना समेट्न पूर्वअध्ययन आवश्यक छ ।

संशोधनको चरणअघि कम्तीमा पनि कार्यान्वयनका क्रममा सरकारबाट भएका अध्ययन अनुसन्धान, संवैधानिक निकायका प्रतिवेदन, संसद् र संसदीय समितिले गरेको अध्ययन अनुसन्धान, संविधानमा अदालतको व्याख्याबाट भएको सुधारका विषय, पेसागत सङ्गठन र नागरिक समाजको अध्ययन तथा राजनीतिक आन्दोलन र परिवर्तनलाई आधार मान्न सकिन्छ ।

संविधान कार्यान्वयनका क्रममा अहिले सरकारी तवरबाट संविधानको कार्य विस्तृतीकरण अध्ययन भएको पाइन्छ । यस्तै शासकीय संरचना फेरबदलका लागि दलले उठाएका विषय पनि संशोधनको सन्दर्भ सामग्री बन्न सक्छन् । विभिन्न संवैधानिक आयोगले आफ्ना वार्षिक प्रतिवेदनमा संविधान र कानुन सुधारका क्षेत्रमा दिएका प्रतिवेदनका व्यवस्था अध्ययन आवश्यक छ । संसद् र संसदीय समितिले प्रदेश संरचना, प्रदेश कार्यपालिका र व्यवस्थापिकाका विषयमा दिएका सुझाव पनि मननयोग्य छन् । राष्ट्रिय सभाले संघीय संरचनालाई प्रभावकारी बनाउँदै खर्च कटौतीका क्षेत्रमा संविधान सुधारका थुप्रै सुझाव दिएको छ । संविधान संशोधनको बहसमा संसद्का अध्ययन प्रतिवेदन सहयोगी दस्ताबेज मात्र हैन मार्गदर्शन बन्न सक्ने छन् ।

सर्वोच्च अदालतले १० वर्षको अवधिमा संविधानका धेरै व्यवस्थामा सुधार औंल्याउँदै व्याख्या गरेको छ । खास गरी संघीय र प्रदेश सरकार गठनका विषयमा अदालतले संविधानका अपर्याप्तता औंल्याएको छ । आवश्यक कानुन निर्माणका लागि अदालतबाट आदेश भएका छन् । अदालतको आदेश अनुसार शासकीय व्यवस्था संविधानमै सुधारको प्रारम्भबिन्दु हुन सक्छ । यस्तै समावेशी व्यवस्थाका विषयमा पनि अदालतका बृहत् व्याख्या भएका छन् । नेपाल बार एसोसिएसन र न्यायाधीशको राष्ट्रिय सम्मेलनले पनि संविधानका विभिन्न पक्षमा सुधारका लागि सुझाव दिइसकेका छन् । खास गरी न्यायपालिका र न्यायिक स्वतन्त्रताका विषयमा यस्ता संशोधन केन्द्रित छन् ।

राजनीतिक रूपमा भएको परिवर्तनको अपनत्व संविधान सुधारका क्रममा हुनुपर्ने र लिइनुपर्ने अर्को महत्वपूर्ण आधार हुन्छ । नागरिकका आवाजका रूपमा भएको राजनीतिक परिवर्तनलाई संशोधनका सवालमा अनदेखा गर्ने अवस्था रहँदैन । किनकि संविधान सुधारको प्रारम्भविन्दु नागरिकको अभिमत हो ।

### नागरिक अपनत्वको प्रबन्ध

नेपालको संविधानले संशोधनका लागि सीमा तोकेको छ । संविधान स्वयम्ले अन्य संवैधानिक आयोगको पुनरवलोकनको समयसीमा प्रस्ट रूपमा १० वर्ष तोकेको छ । त्योबाहेकका अन्य विषयका परिमार्जन समयानुकूल र आवश्यकताका आधारमा नै हुने छ । संविधानले चार आधारभूत विषयबाहेक अन्यलाई संशोधन खुला राखेको छ । नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुनेबाहेक अन्यलाई संशोधन वा खारेज हुन सक्ने व्यवस्था गरेको छ । संविधानले नै संशोधन प्रक्रियामा नागरिक अपनत्व र सहभागितालाई सुनिश्चित गरेको छ । संशोधन विधेयक सदनमा प्रस्तुत भएको ३० दिनभित्र सर्वसाधारण जनताको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने गरी नागरिक सहभागितालाई संविधानले प्रत्याभूत गरेको छ ।

संविधान संशोधन शासकीय निर्देशन हैन जसको विधि, प्रक्रिया र अन्तर्वस्तु सबैमा नागरिक सहभागिता, स्वीकृति र अनुमोदन गर्नु पर्छ । यसरी संशोधन हुने पद्धतिबाट मात्र वैध उद्देश्य हासिल हुन सक्छ । बहुसंख्यक नागरिकको स्वीकार्यताबिनाको संशोधन संविधान अङ्ग त बन्ला तर नागरिक अनुमोदन नहुन सक्छ । अबको संशोधन उन्नत लोकतान्त्रिक अभ्यासलाई थप बलियो बनाउनमा केन्द्रित हुन आवश्यक छ ।

# संविधान जीवित दस्तावेज बनोस्



• सुरज गिरी 'आभास'

राज्यको स्वरूप, शासन प्रणाली, नागरिकका अधिकार र कर्तव्यलाई परिभाषित गर्ने कानुनी दस्तावेजलाई संविधान भनिन्छ। संविधान नै राष्ट्रको आधारशिला हो, जसको आधारमा देश सञ्चालन हुन्छ र नागरिकको पहिचान सुरक्षित रहन्छ। 'नेपालको संविधान २०७२' हाम्रो आधारशिला हो। जसको जगमा हाम्रो राष्ट्रियता, स्वाधीनता र भौगोलिक अखण्डता विद्यमान रहिआएको छ।

नेपालको संविधान कुनै एक दिनको उपज होइन, जुन दशकौं लामो संघर्ष, जनआन्दोलन र जनताको बलिदानको परिणाम हो। २००७ सालको प्रजातन्त्रको सपना, २०४६ सालको आन्दोलनको उपलब्धि, २०६२-६३ को जनआन्दोलनको बलिदान र नेपाली जनताको साझा आकांक्षाले २०७२ सालमा हामीले यो संविधान पाएका हौं। जसलाई आज हामी केवल कानुनी ग्रन्थको रूपमा मात्र होइन, हाम्रो देशको सामूहिक इतिहास, साझा विश्वास र भविष्यको नक्सा भनेर बुझ्छौं। पुर्खाको योगदान र बलिदानको कदर गर्दै मेरो दृष्टिमा यो संविधान पुरानो पुस्ताको संघर्षको उपज र नयाँ पुस्ताको भविष्यको आधार हो। समयको मागअनुसार परिवर्तन र पुनर्लेखनका लागि हाम्रो पुस्ता सदैव तम्तयार छ। विगतका बलिदान, वर्तमानको सपना र भविष्यको अवसरलाई यही संविधानको जगमा स्थापित गर्न सबैले सहकार्य गर्न आवश्यक छ। जसले पुराना पुस्ताप्रति कृतज्ञता, वर्तमानका कर्मशील युवाहरूमा उत्प्रेरणा र भविष्यका कर्णधार हरूमा विश्वासको वातावरण जागरण गर्नेछ।




संविधान- राष्ट्रिय गौरव र जेन-जी पुस्ताको दृष्टि : जात, धर्म, भाषा, संस्कृति, वर्ग वा क्षेत्रको आधारमा कसैलाई पनि भेदभाव नगरी सम्पूर्ण समुदायलाई एउटै धागोमा बाँध्ने काम गरेको नेपालको संविधानले सबै नेपालीलाई राष्ट्रिय गौरवको अनुभूति गराउँछ। यस संविधानले मौलिक हक, समानता र न्यायको व्यवस्था गर्दै, प्रत्येक नागरिकलाई सम्मानका साथ बाँच्ने आधार दिएको छ। हरेक नागरिकलाई स्वतन्त्र, सुरक्षित र अवसरपूर्ण बनाउन मौलिक हकका रूपमा शिक्षा, स्वास्थ्य, समानता, स्वतन्त्रता र रोजगारीजस्ता अधिकारको सुनिश्चितता गरेको छ संविधानले। जसको रक्षा गर्दै नागरिकका कर्तव्यहरू पालनामा जेन-जी पुस्ताले ध्यान दिन आवश्यक छ। हाम्रो पुस्ता 'जेन-जी' एक ठूलो विद्रोहबाट अब परिवर्तनको यात्रामा बामे सर्ने क्रममा छ, यस अवस्थामा हामीलाई संविधान र देशको मूल अस्तित्वलाई नै हानी हुने किसिमका गतिविधि सञ्चालन गर्न उक्साउन सकिने सम्भावना छ। जसका बाबजुद संविधान र कानुनको सम्मान गर्ने, राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्ने, सामाजिक सद्भाव र सहिष्णुतामा योगदान दिने, वातावरण र सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, कर तिर्ने र जिम्मेवार नागरिक बन्ने यात्रामा अब हामी एकीकृत भई अगाडि बढ्नुको अर्को विकल्प छैन। त्यसैले मौलिक हकको प्रयोग गर्दै आत्मविश्वास र अवसरलाई पहिचान गर्ने साथै कर्तव्य पालना गरी जिम्मेवारी र योगदान दिन कटिबद्ध रहन सकेमा बल्ल संविधानको वास्तविक मर्मले पूर्णता पाउनेछ। केही दिनअघिको जेन–जी आन्दोलनले युवा पुस्ताको चेतना, असन्तोष र साहसलाई स्पष्ट रूपमा व्यक्त गरेको छ। आन्दोलनका क्रममा संविधानमाथि प्रश्न उठाइए पनि हामीले समाधान संविधानभित्रैबाट खोजेका छौं, संविधानको रक्षा गर्दै आवश्यक परेमा सुधारमार्फत अझ सशक्त बनाएर अपेक्षित परिवर्तन ल्याउने संकल्प लिएका छौं। त्यसैले जेन–जी पुस्ताको विद्रोहलाई संविधानसँगै जोडेर हेर्दा यो विद्रोह अस्वीकार होइन, संविधानलाई अझ व्यावहारिक, समावेशी र जीवन्त बनाउन गरिएको चेतनाको जागरण हो। नेपालको संविधान हाम्रो आत्मविश्वास हो, यसलाई व्यवहारमा उतार्ने जिम्मेवारी हाम्रो कर्तव्य हो। जेन-जी पुस्ताले संविधानलाई अस्वीकार होइन, आत्मसात् गर्ने र आवश्यक परे सुधारमार्फत अझ सशक्त बनाउने दृष्टि राख्छौं। हालसम्म संविधानलाई केवल कागजमा सीमित राखिएको छ, यसको मर्मलाई कुण्ठित गर्ने प्रयास भएका छन्। अबका दिनमा संविधानलाई हरेक नागरिकको दैनिक जीवन, समाज र राष्ट्रको व्यवहारमा उतार्न दृढ विश्वास र संकल्प लिन आवश्यक छ। संघीयता र विकेन्द्रीकरणले युवालाई स्थानीय तहमै नेतृत्व र नीति निर्माणमा सहभागी हुने अवसर दिएको छ। लोकतन्त्रको अभ्यास र सहअस्तित्वको भावना संविधानकै उपज हो, जसले विविधतालाई आत्मसात् गर्दै राष्ट्रिय एकतालाई मजबुत बनाउन अतुलनीय योगदान दिन सक्नेछ। अन्त्यमा, हाम्रो पुस्ताको दृष्टिमा संविधान आलोचनाको विषय होइन, सुधार र अभ्यासको विषय हो। संविधान 'जीवित दस्तावेज' हो। जसलाई समयअनुसार परिमार्जन गर्न सकिन्छ।

(२४ वर्षे गिरी युवा अभियानका एक कर्मी हुन्।)

# जेनजी आन्दोलन: नेपालको राजनीतिक युगान्तकारी मोड



• सृजन अधिकारी

जनसञ्चारको पुस्ता - 'जेनजी' को उदय सन् १९९७ देखि २०१२ सम्म जन्मिएका युवाहरूलाई 'जेनजी' भनिन्छ। प्रविधि, कृत्रिम बुद्धिमत्ता (एआई), डिजिटल माध्यम र नवीन वैज्ञानिक सोचमा हुर्किएको यो पुस्ता नेपालको सन्दर्भमा भने विडम्बनापूर्ण रूपमा भ्रष्टाचार, कुशासन र राजनीतिक विकृतिका बीचमा हुर्किएको छ। यसैले गर्दा यो पुस्ता अब राजनीतिको कुरुप यथार्थलाई 'स्वीकार' होइन, 'परिवर्तन' गर्न उत्प्रेरित बनेको छ।
'हुन्छ कि हुँदैन?' भन्ने प्रश्नलाई सतही रूपमा स्वीकार नगर्ने यो पुस्ताले २०८२ सालको भदौ २३ र २४ मा भएको ऐतिहासिक आन्दोलनमार्फत् आफ्नो सामर्थ्य, संगठन र चेतनशीलता देखाएको छ। केवल ३२ घण्टाको आन्दोलनले जसरी प्रभावकारी परिणाम दिन सफल भयो, त्यो विश्व राजनीतिक इतिहासमै दुर्लभ उदाहरण हो।

**महिला सशक्तिकरणः नाराबाट परिणाममा रूपान्तरण**

नेपालमा महिला सशक्तिकरणका नाममा दशकौँदेखि अर्बौं रुपैयाँ खर्च हुँदै आएको छ। हजारौं परियोजनाहरू सञ्चालनमा छन्, तर तीमध्ये धेरैजसो 'कार्यक्रमका लागि कार्यक्रम' बन्न पुगेका छन्। तर यो पुस्ताको नेतृत्वमा भएको हालैको आन्दोलनले, देशको इतिहासमै पहिलोपटक एक महिलालाई – सुशीला कार्कीलाई – राष्ट्रप्रमुख बनाउने अभूतपूर्व निर्णय गराएर, महिला सशक्तिकरणलाई व्यवहारिक रूपमा स्थापित गरिदिएको छ।
केवल नारा र बजेटका भरमा होइन, जनता-युवाको संगठित दबाब र सत्यप्रतिको आग्रहमार्फत महिलालाई नेतृत्वमा पुर्याउने काम जेनजी आन्दोलनले गरेको छ।

**पुराना दल र पुस्तान्तरणको संकट**

नेपाली राजनीति दशकौँदेखि एउटै पुस्ताको कब्जामा रहेको देखिन्छ। चाहे नेपाली कांग्रेस होस्, नेकपा (एमाले) वा माओवादी केन्द्र – ती सबैमा नयाँ नेतृत्वको आगमन केवल नारामा सीमित रहँदै आएको छ। नेपाली कांग्रेसले गगन थापाजस्ता युवाहरूमार्फत् पुस्तान्तरणको संकेत दिएको भए पनि त्यो प्रयास आजसम्म प्रभावकारी बन्न सकेको छैन।
एमालेभित्र पनि जब भीम रावलजस्ता नेताहरूले विकल्पको रूपमा प्रस्तुत हुने प्रयास गरे, उनीहरूलाई पार्टीबाटै निष्कासन गरियो।
माओवादी केन्द्रमा त झन् तीन दशकदेखि उही नेतृत्वद्वारा निरन्तर कब्जा रहँदै आएको छ, जसले नयाँ विचार, नवीन सोचलाई स्थानै दिन सकेको छैन।
यस दीर्घकालीन समस्याको जवाफ जेनजी पुस्ता स्वयं बनेर उभिएको छ। २०८२ भदौ २३ र २४ मा देशभरि भएको आन्दोलनले अब पुराना संरचना र सोचलाई स्वीकार्ने समय समाप्त भएको स्पष्ट सन्देश दिएको छ।

**नेपाली सेना र आन्दोलनबीचको सन्तुलन**

यदि नेपाली सेनाले आन्दोलनकारी युवाहरूको म्यान्डेटलाई उपेक्षा गरेको भए, देश सैनिक शासन वा राजतन्त्रको पुनःस्थापनाको दिशातिर जान सक्थ्यो। तर सेनाले समय, परिस्थिति र जनभावनाको गम्भीर विश्लेषण गर्दै, जेनजी आन्दोलनको म्यान्डेटअनुसार अघि बढ्न स्वीकार गर्‍यो। यही कारण देशमा थप रक्तपात हुन पाएन र लोकतान्त्रिक प्रक्रिया सुरक्षित रहन सक्यो।

**अबको बाटोः स्थिरता र जवाफदेहितातर्फ**

संसद् विघटन भइसकेको अवस्थामा अहिले अन्तरिम सरकारको संयोजनमा नयाँ निर्वाचनको तयारी हुँदैछ। तर यो निर्वाचनः

संघीय संसद्को गरिने ?
प्रत्यक्ष कार्यकारी राष्ट्रप्रमुखको ?
अथवा स्थानीय सरकारको ?
भन्नेबारे अझै स्पष्टता छैन। जेनजी आन्दोलनको प्रमुख माग स्पष्ट छ – संयुक्त सरकारको नाममा सत्ता बाँडचुँड बन्द गर्नुपर्छ, र कम्तीमा चार वर्षको लागि एउटै स्थिर सरकारलाई देशको नेतृत्व गर्न दिनुपर्छ, ताकि त्यसलाई जवाफदेही बनाउन सकियोस्।
यसका लागिः
निर्वाचन आयोगले प्रत्यक्ष कार्यकारी राष्ट्रप्रमुखको निर्वाचन गर्ने स्पष्ट खाका तयार गर्नुपर्छ,
अन्तरिम सरकारले त्यसमा पूर्ण सहयोग गर्नुपर्छ, र
विदेशमा रहेका ८० लाख नेपाली नागरिकलाई मताधिकार सुनिश्चित गर्नु आजको प्रमुख लोकतान्त्रिक चुनौती हो।

**निष्कर्ष**

जेनजी पुस्ताले केवल विद्रोह होइन, नेतृत्व पनि सम्भव छ भनेर देखाएको छ। ३२ घण्टाको शान्तिपूर्ण, संगठित र दिगो आन्दोलनले नेपाली राजनीतिलाई नवयुगमा प्रवेश गराएको छ। अब जिम्मेवारी राज्य संयन्त्र, निर्वाचन आयोग र नागरिक समाजको काँधमा आएको छ– कसरी यो चेतनशील पुस्ताको म्यान्डेटलाई संस्थागत रूप दिने?
यो समय केवल सरकार परिवर्तनको होइन–सोच, प्रणाली र भविष्य निर्माणको मोड हो। र, त्यसको केन्द्रमा जेनजी पुस्ता अवश्य रहनेछ।

# केराको आयात रोक्न दबाब

झापा । नेपालमै उत्पादित केराले चाड पर्वमा माग धान्ने भन्दै केरा उत्पादक किसानका प्रतिनिधिले सरकारलाई बाह्य मुलुकबाट आयात रोक्न अपिल गरेका छन्। केही दिनअघि नेपाल केरा उत्पादक महासंघले दशैं, तिहार र छठजस्ता मुख्य चाडका लागि नेपालमै उत्पादित केराले पुग्ने भएकाले असोज ६ गतेपछि आयात नगर्न सार्वजनिक रूपमै अपिल गर्‍यो।
मुख्य चाडबाडका वेला २ लाख ५० हजार मेट्रिक टन केरा खपत हुने अनुमान गरिएको छ र यहाँको केराले मंसिरसम्मलाई पुग्ने किसान प्रतिनिधि बताउँछन्।
नेपाल केरा उत्पादक महासंघका केन्द्रीय अध्यक्ष विष्णुहरि पन्त अहिले मुलुकभित्रै केराको उत्पादन उत्साहजनक रूपमा भइरहेकाले आन्तरिक खपत धान्न पुग्ने भएकाले विदेशबाट केरा आयात गर्दा किसान मर्कामा परेको बताउँछन्।
आफूहरूले गरेको अनुरोधलाई बेवास्ता गरिए आन्दोलनमा उत्रिने उनको चेतावनी छ। किसानहरूले आइतबार जिल्लामार्फत ज्ञापनपत्र बुझाउने कार्यक्रम छ। त्यसपछि पनि रोकिएन भने आन्दोलनका कार्यक्रम अगाडि बढाउने तयारी छ।
'नेपाली किसानले फलाएका केरा नबिकेर बोटमै पाकेर खेर जाने अवस्था छ, आयात गर्न आवश्यक छैन, नत्र किसान मर्कामा पर्नेछन्। त्यसैले किसान जोगाउन व्यवसायीले आयात रोक्नुपर्छ' उनको भनाइ छ।

चाडपर्वलाई पुग्ने गरी उत्पादन हुँदा समेत आयातित भारतीय केराले नेपाली उत्पादनलाई विस्थापित गर्ने चिन्ता किसानलाई छ।
महासंघले अपिल गरेअनुसार अहिलेकै अवस्थामा केराको आयात रोकिएला ? चितवन केरा उत्पादक संघका अध्यक्ष घननाथ महतो राज्यले पहल गरेको खण्डमा आयात रोक्न सम्भव रहेको बताउँछन्।
'सायद अब आयात रोकिन्छ होला, राज्यले बाहिरबाट केरा ल्याउने पर्मिट बन्द गरेको अवस्थामा स्वतः रोकिन्छ' उनले भने।
आफूहरूले यसअघि संसदीय कृषि समितिसमक्ष पनि छठ पर्व (मंसिर)सम्म पुग्ने केरा तयारी अवस्थामा रहेको जानकारी गराउँदै यो वेला बाह्य केरा आएमा नेपालका केरा बोटमै पाकेर नष्ट हुने भन्दै ध्यानाकर्षण गराएको बताए।
सरकारका (कृषि, अर्थ, उद्योग वाणिज्य तथा आपूर्ति) सचिवहरू आफूहरूको अनुरोधप्रति सकारात्मक रहेको उनले सुनाए। 'हामीले यसअघि देखि नै अनुरोध गर्दै



आएको हो तर अहिलेसम्म राज्यले सुनेको थिएन', महतोले भने 'संसदीय समितिमा कुरा राखेपछि छलफलका लागि बोलाइयो र सचिवहरूलाई बोलाएर बाह्य आयात रोक्न सर्कुलर गरियो र उहाँहरूले यसलाई कार्यान्वयन गर्ने भनिएको छ, हामी पर्खिरहेका छौं।'
कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (कृषि विकास) डा.गोविन्दप्रसाद शर्मा पनि यस सम्बन्धमा पहल भइरहेको बताउँछन्।

'क्वारेन्टाइनका प्रक्रिया पूरा गर्नुपर्ने विषयमा प्लान्ट क्वारेन्टाइनले आफ्नो भूमिका निर्वाह गरिरहेको छ', उनले भने।
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकारी वरिष्ठ बाली संरक्षण अधिकृत प्रकाश पौडेलले 'केराको प्रवेश अनुमतिपत्र जारी नगर्ने' सम्बन्धमा सबै क्वारेन्टाइनलाई सम्बोधन गरी सूचना सार्वजनिक गरिसकिएको बताए।
केन्द्रले क्वारेन्टाइन नगरीकन कुनै पनि केरा आएको भेटिएको तत्काल समातेर नष्ट गर्न भनेको छ।
केन्द्रले 'विभिन्न देशबाट आयात हुने केराको जैविक सुरक्षा सम्बन्धमा थप विश्लेषण गर्नुपर्ने देखिएकाले अर्को निर्णय नभएसम्मलाई कुनै पनि क्वारेन्टाइन नाकाबाट केराको प्रवेश अनुमतिपत्र जारी नगर्न' निर्देशन दिएको छ।
यसअघि (हिजोको मितिअघि) प्रवेश अनुमतिपत्र लिइसकेका आयातकर्ताको हकमा, तोकिएको सर्त बमोजिम भएको पाइएमा र सम्बन्धित निर्यातकर्ता देशको आधिकारिक निकायबाट जारी गरिएको प्रमाणपत्रको सक्कल प्रति उपलब्ध भएमा नियमअनुसार छोड पुर्जी जारी गर्न भनिएको छ।
'नेपालमा केरा व्यवसाय एकदमै राम्रोसँग फस्टाइरहेको छ। यसलाई लामो समयसम्मका लागि नै कार्यान्वयनमा लैजाने र आयात लगभग रोक्नुपर्छ भन्नेमा हामी सहमत छौं', क्वारेन्टाइन शाखा, शत्रु जीव जोखिम विश्लेषण प्रमुख पौडेलले भने। 'सरकार, मन्त्री, सचिव लगायत राजनीतिक स्तरबाट सहयोग भयो भने आयात पूर्णरूपमा रोक्न सक्ने प्रशस्त प्राविधिक रुपमा तर्कसहित तयार छौं।'

केरा छिटो बिग्रने फल भएका कारण व्यापारीले तीन महिनाअघिदेखि नै पर्मिट लिएर बसेका हुँदैनन्। तत्काललाई भने पहिले नै पर्मिट लिएकाहरूको भने रद्द गरिएको छैन।
'हिजोको मितिसम्म अनुमति लिएकाहरूले भित्र्याए पनि दशैंको मुखतिर भारतीय केरा ठ्याक्कै रोकिने स्थिति हुन्छ' पौडेलले भने। 'केराको नयाँ प्रवेश अनुमति अब दिइँदैन।'
उनका अनुसार व्यापारीले नयाँ सूचना पाइसकेपछि प्रवेश अनुमतिपत्रको वैधता तीन र चाहेमा ६ महिनासम्म हुने भएकाले निकै सर्टेज भएका वेला ल्याउने सोच पनि बनाएका हुन सक्छन्। यस्तो अवस्थामा पूर्ण रूपमा रोकिन ६ महिना लाग्न सक्छ।
भारतीय बजारबाट पाँच रुपैयाँ प्रतिदर्जन पाउने र नेपालमा १०-१५ रुपैयाँ पर्ने भएकाले व्यवसायीले उतैबाट केरा ल्याएर बेच्ने गरेको पाइएको छ।
अहिले दिएको भाउमा पनि नेपाली किसानले लागत उठाउन नसकेको बताएका छन्। उताबाट सस्तोमा ल्याएर व्यापारीले नेपाली केराको बजार बिगारेको किसानको गुनासो छ।
नेपालमा गत आर्थिक वर्ष २०८१।८२ मा २ अर्ब ३० करोड २२ लाख रुपैयाँ बराबरको केरा भित्रिएको थियो। भारतबाट मात्रै २ अर्ब ३० करोड २२ लाखको केरा आयात भएको थियो। यसबाहेक चीन, कतारबाट बाँकी परिमाण भित्र्याइएको हो।

यस्तैगरी आव २०८०।८१ मा २ अर्ब ६५ करोड ८ लाखको केरा आयात भएको थियो। ती सबै केरा भारतबाटै आयात गरिएको थियो।

यसरी भारतबाट नै धेरै मात्रामा केरा आयात हुने गरेको तथ्यांकले देखाउँछ। यसका साथै खुला सिमानाका कारण विनाचेकजाँच पनि खुद्रा व्यापारीले केरा ल्याएर नेपाली बजारमा बेच्ने गरेका छन्।
चितवन केरा उत्पादक संघका अध्यक्ष महतोका अनुसार नेपालमा हाल ६९ जिल्लामा केरा खेती हुन्छ।
अहिले साढे चार लाख हेक्टरमा केरा खेती छ र वर्षेनि लगभग १५ लाख मेट्रिक टन केरा उत्पादन हुन्छ।
कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०।८१ मा २३ हजार ४०४ हेक्टर क्षेत्रफलमा केरा खेती गरिएको थियो। प्रतिवर्ष ३ लाख ८३ हजार २८५ टन केरा उत्पादन हुने गरेको मन्त्रालयले जनाएको छ।
भारतमा किसानको उत्पादन लागत पनि कम रहेकोले सस्तोमा उत्पादन बेच्न सक्छन्। राज्यले दिने सेवा सुविधासँगै गुणस्तरीय बीउ विजन, मल समयमै पाउने, ढुवानीमा पनि अनुदानलगायतका कारण किसानको उत्पादन लागत कम पर्छ।
यसअघि नेपाली किसानलाई पनि पाँच प्रतिशत ब्याज अनुदान दिइएकामा दुई वर्षदेखि रोकिएको छ। यसैगरी पहिले प्रिमियमको ८० प्रतिशत बिमा राज्यले बेहोर्ने भनिएकोमा पोहरदेखि कटौती गरिएको महतोको गुनासो छ।

'अहिले ५० लाखको बिमा गरिएको छ भने ८० प्रतिशत प्रिमियममा छुट पाइन्छ भने ५० लाखभन्दा बढीमा ६५ प्रतिशत र १ करोडभन्दा माथिको गर्दा ५० प्रतिशत मात्रै राज्यले बेहोर्छ। यसमा पनि हामीले विरोध गरिरहेका छौं' उनले भने ।
सरकारले किसानलाई थप प्रोत्साहन दिएर केरा खेतीसँगै बजारको अनुकूल वातावरण सिर्जना गरे वर्षभरलाई पुग्ने केरा उत्पादन गर्न सकिने अध्यक्ष महतो बताउँछन्।
नेपालका किसानले उत्पादन गरेका केरा विशेषगरी वैशाखदेखि मंसिर महिनासम्म बजारमा आउँछ र पाँच ६ महिनालाई पुग्छ।
'किसानहरू केरा बिक्री नभएर हतोत्साहित हुने, खेती गर्न नमान्ने, पलायन हुने अवस्था छ, क्वारेन्टाइन तथा भन्सार नीतिमा कडाइ गर्ने गर्नुपर्छ' महतो भन्छन् 'बाहिरबाट ल्याउन रोकेर किसानलाई सुविधा दिने हो भने यहाँ खेती बढ्छ, वर्षभरलाई आत्मनिर्भर पनि बन्न सक्ने अवस्था आउँछ।' केराको आयात लामो समयका लागि रोक्दा वर्षभरलाई यहाँको माग धान्न उत्पादन नपुग्ने भएकाले अभाव हुन सक्ने र त्यस्तो वेला मूल्य बढ्न सक्ने जोखिम भने हुन्छ। मूल्यवृद्धि भइहाल्यो भने नियन्त्रण गर्ने निकायले विशेष भूमिका खेल्नुपर्ने आवश्यकता देखिन्छ।

'तथापि मूल्यवृद्धि भएकै कारणले अब केराको आयात खोल्ने वाला छैनौं', प्लान्ट क्वारेन्टाइनका सूचना अधिकारी पौडेलले भने, 'किसानहरूलाई प्रोत्साहित गर्नुपर्छ, आयात रोकेपछि किसानले उत्पादन गरेका केरा सडकमा फाल्नुपर्ने अवस्था आउँदैन।'

सुंगुरकै...

भयो । २०७४ को स्थानीय तहको निर्वाचनसँगै जनप्रतिनिधि बनेपछि यो व्यवसायमा खासै पर्याप्त समय दिन सकेका थिएनन् । आफ्नो कार्यकाल सकिएपछि अहिले उनको अधिकाँश समय गाउँमा गएर सुंगुरका पाठापाठी खरीद गरेर झापा जिल्लामा लाग्ने साप्ताहिक हाटमा पुर्‍याएर विक्री गरी त्यसबाट आएको आम्दानीबाट घर खर्च चलाउनु पहिलो र मुख्य व्यवसाय बनेको बताउँछन् ।

मेचेले व्यावसायिक सुंगुर बंगुरपालन त गरेका छैनन् । तर, उनको कारोवार व्यवसायिक सुंगुर बंगुरपालेको कृषकको भन्दा कम छैन् । शुरुमा गाउँमा पर्याप्त सुंगुरका पाठापाठी नपाउँदा हाटबजारमै गएर खरिद गर्दै विक्री गर्दथे । पछिल्लो समय झापालगयात अन्य जिल्लाका ग्रामीण क्षेत्रमा गएर स्थानीय कृषकले पालेका सुंगुरबाट जन्मेका पाठापाठी खरिद गरेर हाट पुर्‍याउने गरेको उनले बताए । झापाको बुद्धशान्ति गाउँपालिका र मेचीनगरका विभिन्न वडा वडामा पुगेर किसानले पालेका यस्ता पाठापाठी उनले खरिद गर्ने गरेका छन् । 'म खासगरी बुद्धशान्ति गाउँपालिका र मेचीनगर नगरपालिका वडानम्बर –५ मा पुगेर स्थानीयले कृषक पालेका सुंगुरका पाठापाठी खरीद गर्दछु,' उनले भने–'त्यसपछि मात्र हाटबजार पुगेर खरिद गर्छु ।' झापाको धुलावारी, बुधबारे, बाहुनडाँगी, खुदुनावारी, शनिश्चरे, दमकलगायतका हाटबजारसम्म सुंगुरका पाठापाठी लिएर पुग्ने गरेका छन् । गाउँमा किसानबाट प्रतिगोटा पाँचदेखि सात हजार रुपैयाँसम्ममा खरिद गर्ने र बजार पुर्‍याएर छ देखि आठहजार रुपैयाँसम्ममा विक्री गर्ने गरेको उनले बताए । अधिकाँशले पाल्नका लागि सुंगुरका पाठापाठी लैजाने गरेको र यो व्यापार १२ महिना हुने उनले बताए ।
'एक हाटमा १५ देखि २० वटा सुंगुरका पाठापाठी विक्री गर्ने गरेको छु ।' सन्तोषले भने, 'हप्तामा चारदेखि पाँच लाख रुपैयाँसम्मको कारोवार हुन्छ ।' सवै खर्च कटाएर औसतमा मासिक ४० देखि ५० हजार रुपैयाँ रूपैयाँ आम्दानी हुने गरेको उनले बताए । मंगलबारबाहेक हरेक दिन उनी प्रत्येक हाटबजारमा सुंगुरका पाठापाठी लिएर पुग्ने गरेका छन् । यसबाट मनग्ये आम्दानी हुने भएकाले घरबार चलाउन कुनै समस्या नभएको सन्तोषको भनाई छ ।
यहि व्यवसायबाट गरेको कमाइले उनले गाउँमा अन्य व्यवसायमा लगानी समेत गरेका छन् । कुनै बेला एक कठ्ठ ऐलानी जग्गामा सामान्य झुप्रो हालेर बसेका सन्तोषले सुंगुरका पाठापाठीकै खरिद विक्री बाट कमाएको रकमले अहिले नौ कठ्ठा जोडेका छन् । एउटा आरसीसी घर समेत निर्माण गरेको बताए । घरमा एउटा पसल समेत सञ्चालन गरेका छन् । 'जसबाट घरपरिवारका सदस्यले काम पाए।' उनले थपे । यो व्यवसायबाट आम्दानी पनि राम्रै हुन थालेको उनले बताउँदैं यो व्यवसायबाट आफू खुशी रहेको बताए । तीन छोरी र एक भाइ छोरा छन् । सवैलाई राम्रोसँग पढाए । यसैको कमाइबाट एउटी छोरीलाई १२ कक्षा पढाए । एकजना छोरासहित अन्य तीनजना क्रमशः कक्षा ९, ६ र २ मा अध्ययनरत छन् । यसैको कमाइबाट एउटा सहकारीमा शेयर समेत खरिद गरेका छन् । त्यही शेयर सदस्य बनेपछि उनी स्थानीय दुर्गेश्वरी कृषि सहकारी संस्थाको अध्यक्ष समेत बनेका छन् ।
सुंगुरका पाठापाठी हुर्काएर बेच्न उमेर पुग्न झन्डै दुई महिना लाग्छ । कृषकले भने,एउटा पाठा वा पाठी छ देखि सात हजार रूपैयाँमा बिक्री गर्ने गरेका छन् । गाउँ गाउँमा गएर आफूले ती वस्तु खरिद गरिदिएपछि कृषकलाई समेत निकै राहत महसुस गरेको उनको भनाई छ । नत्र कृषकले ती पाठापाठी विक्री गर्न निक्कै टाढा टाढा लाग्ने साप्ताहिक हाटबजार पुग्नु पर्ने बाध्यता रहेको उनले बताए ।

सुंगुरको माउले १५ महिनामा तीनपटक पाठापाठी पाउँछ । एकपटकमा एउटा माउले कम्तीमा ८ देखि १२ वटासम्म बच्चा जन्माउँछ । गाउँका कृषकका अहिले भने पाठापाठी नै सोझै बुक हुन थालेका छन् । गाउँ वा हाटबजारबाट खरिद गरेका सुंगुरका पाठापाठी बिक्री गर्न उनलाई कुनै समस्या छैन । स्वदेशबाट मात्र होइन विदेशबाट समेत सन्तोषसँग अर्डर आउने गरेको बताए । विगतमा भोगेका संघर्ष र अभावका दिन धैरै सम्झिन्छन् सन्तोष । अहिले अप्ठेरोमा अरूलाई सघाउने भएका छन् उनी ।
जेनतेन जीविकोपार्जन गरिरहेको समयमा यो व्यवसाय उनका लागि बलियो आम्दानीको स्रोत बनेको छ । सुरुमा निकै दुःखका साथ काम गरेका थिए ।


**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्कः**
**फोनः ०२३-५४०४७८**
**मोः ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ